# त्रियुगा नगरपालीका कार्यालय
## गाईघाट-२, उदयपुर
### सौर्य सडक बत्ती जडान सम्बन्धि बोलपत्र आव्हानको सूचना
(प्रथम पटक सूचना प्रकाशित मिति : २०७२/११/१९ गते)

यस त्रियुगा नगरपालिका क्षेत्रमा वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, वातावरण मैत्री स्थानीय कार्यक्रम र त्रियुगा नगरपालिकाको संयुक्त लगानी शहरी सौर्य उर्जा जडान गर्न कम्पनीहरु बाट सौर्य सडक बत्ती जडान गर्न निम्न शर्तहरुको अधिनमा रही रित पुर्वकको सिलबन्दी वोलपत्र आव्हान गरिएको छ ।

**शर्तहरू:**

१. बोलपत्र फारम रू १,०००।- (एक हजार मात्र) (पछि फिर्ता नहुने गरि) तिरी यो सूचना प्रकाशित भएको मितिले ३० दिनसम्म वा मिति २०७२/१२/१८ गते भित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. खरिद भएको वोलपत्र फाराम फर्मले सिलवन्दी गरी खाम वाहिर आफनो फर्मको नामथर, वतन र कामको विवरण स्पष्ट उल्लेख गरी सिलवन्दी गरी यस कार्यालयमा मिति २०७२/१२/१९ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नू पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोही दिनको २ बजे यस कार्यालयमा सरकारी प्रतिनिधी, फर्मको प्रतिनिधीहरुको रोहवरमा खोलिने छ । समयमा फर्मको वा निजहरुको प्रतिनिधी उपस्थित नभएमा पनि सिलवन्दी बोलपत्र खोल्न बाधा पुग्नेछैन । कारणवश सिलवन्दी बोलपत्र दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. बोलपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ यदि केरमेट भएमा केरमेट भएको ठाउँमा बोलपत्र दाताको दस्तखत र छाप भएको हुनु पर्नेछ ।

४. तपशिलमा उल्लेखित धरौटी वापतको रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, गाईघाट शाखाको धरौटी खाता नं. ग-२०९-०३०३००-३००२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा ९० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (विड वण्ड) संलग्नहुनु पर्ने छ ।

५. ठेक्का स्वीकृत भए पछि ठेक्का अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य बैंक, गाईघाट शाखाको धरौटी खाता नं. ग-२०९-०३०३००-३००२ खातामा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी गरिएको घटीमा १२ (वाह्र) महिना म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकको बैंक ग्यारेन्टी (परफरमेन्स वण्ड) पेश गरी सम्झौता गर्नु पर्नेछ ।

६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएको लाई मान्यता दिईनेछ । वोलपत्र फारमको प्रत्येक पानामा सम्वन्धीत ठेकदारको दस्तखत र फर्मको छाप अनिवार्य हुनु पर्नेछ ।

७. एक फर्मको नाममा खरिद गरिएको वोलपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

८. यो सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानुन तथा ऐन नियम अनुसार हुनेछ ।

९. बोलपत्र पूर्ण वा आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयलाई निहित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ वमोजिम हुनेछ । अन्य कुराहरु वोलपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

११. थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । यो सुचना www.triyugamun.gov.np मा समेत Download गरी हेर्न सकिने छ ।

| वोलपत्र नं. | आयोजनाको नाम | ल.ई. रकम (मु.अ.कर वाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ०१/०७२/०७३ | सौर्य सडक बत्ती जडान कार्य ४० वटा | ३५,८६,५४८।६७ | १,२२,०००।- | १,०००।- | |

त्रियुगा नगरपालिका कार्यालय
गाईघाट, उदयपुर